# कालीगण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं : ८३९

मिति : २०७८/१०/०२

**मासु मिसन कार्यक्रम अन्तर्गत बँगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सार्वजनिक सूचना!**

प्रथम पटक प्रकाशित मिति २०७८/१०/०२

प्रस्तुत विषयका सम्बन्धमा यस कालीगण्डकी गाउँपालिका पशु सेवा शाखाको आ.व ०७८/०७९ को वार्षिक शसर्त मासु मिसन कार्यक्रम अन्तर्गत बँगुर प्रवर्द्धनका लागि अनुदानका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले **पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया २०७८** बमोजिम कार्य गर्न इच्छुक कृषक/कृषक समूह/ समिति/सहकारी संस्था र निजि संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात (२०७८/१०/१६) गते सम्ममा रित पूर्वक तपशीलमा उल्लेखित कागजातहरु संलग्न गरि कालीगण्डकी गाउँपालिका पशु सेवा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील :-

| क्र. सं | कार्यक्रम विवरण | बजेट रु लाखमा | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **समुहगत प्रणाली मार्फत बँगुरपालन कार्यक्रम** | १५ लाख (बंगुरपालन तालिम, अतिआवश्यक औषधि, कार्यक्रम सञ्चालन सहित) | **२ गोटा समुह/समिति/ सहकारी** (१ समुह मा १० जना व्यवसाय उन्मुख बंगुरपालक कृषक समावेश हुनेछन् | **२ गोटा समुह /समितिका जम्मा २० जना** कृषकले लगानि १००,०००।-को ५०% खोर निर्माण अनुदानमा स्टोमेट अनुसार निर्माण सम्पन्न पश्चात प्रति कृषक रु ५०,०००।- प्राप्त गर्नेछन्। |
| २ | **व्यवसायिक बँगुरपालन सुदृढिकरण कार्यक्रम** | | **२ गोटा फर्म** ( १० गोटा प्रजनन योग्य बंगुरपालन गरेका व्यवसायिक फर्मले आवेदन दिन सक्नेछन् । | प्रति व्यवसायिक फर्मले रु २००,०००।- प्राप्त गर्नेछन्। ५०% थप लगानि स्वयं कृषकले गर्नुपर्नेछ । |

आवश्यक कागजातहरु :-

१) कृषक समुह समितिको समुह दर्ता प्रमाणपत्र, (समुहको हकमा गा.पा मा अनिवार्य दर्ता भएको हुनुपर्नेछ)
२) कार्यक्रम माग गर्ने सम्बन्धित समुहको कार्यसमितिको निर्णयको प्रतिलिपि
३) समुहका सदस्यहरुको नामावली सहित नागरिकताको प्रतिलिपि वा परिचय खुल्ने प्रमाणपत्र प्रतिलिपि
४) व्यक्तिगत फर्मको पान दर्ता प्रमाणपत्र, पछिल्लो आ.व को कर चुत्ता प्रमाण पत्र प्रतिलिपि
५) निजि फर्मको हकमा जग्गाको क्षेत्रफल,स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि वा जग्गाको मन्जुरी नामा,
६)पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि ,२०७८ को अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजनाको ढाँचा र अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन ।
७) सम्बन्धित वडाको सिफारिस पत्र ।

- **संक्षिप्त कार्ययोजनाको ढाँचा र अनुसूची ३ बमोजिमको निवेदनको ढाँचा यस कार्यलयको web site www.kaligandakimunsyangja.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि कालीगण्डकी गाउँपालिका पशु सेवा शाखा प्रमुख राजेश पाण्डे ९८५७६३०६३२ मा सम्पर्क गर्न सकिनेछ ।**

हिरामणी पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

## संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

१. व्यवसायको परिचयः

२. कार्यक्रम शुरु हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मितिः

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

५. व्यवसायको आधारभूत विवरण

| क.सं. | संचालित व्यवसायको नाम | व्यवसायबाट उत्पादन हुने मुख्य मुख्य वस्तु | उत्पादन हुने वार्षिक परिमाण | वार्षिक कारोबार रकम | व्यवसायबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. सञ्चालन गरिने क्रियाकलापको विवरण

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ३

पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि निवेदन पत्र (नमुना)

मितिः ..............

श्रीमान प्रमुखज्यू

....................गा.पा.\न. पा. \उ.न.पा\म.न. पा...........।

विषयः पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने बारे।

महोदय,

यस पालिकाको मिति २०७८।। गतेको प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम (.........................) सञ्चालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौ। कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

संलग्न कागजातहरुः

१. कृषक समूह/समिति/सहकारी/निजी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु

२. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाले कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि

३. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाका सदस्यहरूको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानीय तहको आवश्यकता अनुसार)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं